## वस्तुगत प्रश्नोत्तर

**१. हेटौँडा उपमहानगरपालिका-१३ र १४ मा मयुरधाप औद्योगिक क्षेत्रको शिलान्यास कहिले गरियो ?**

✍ विक्रम संवत् २०७७ फागुन १३ ।
- १९९ किघा १७ कठ्ठा क्षेत्रफल रहेको औद्योगिक क्षेत्रको निर्माण लागत सात अर्ब २ करोड ३४ लाख रुपियाँ रहेको ।
- ६२ वटा प्लट रहने सो औद्योगिक क्षेत्रमा औद्योगिक प्लट, आवासीय क्षेत्र, प्रशासनिक क्षेत्र, सेवा क्षेत्र, मुद्रण क्षेत्र, पेट्रोल पम्प तथा धर्मकाँटा पुल क्षेत्र, भन्सार, ठूला ट्रक पार्किङ क्षेत्र, सशस्त्र बेस क्याम्प, फोहोर पानी प्रशोधन केन्द्र, सडक सञ्जाल, वन तथा मनोरञ्जन क्षेत्रका लागि पूर्वाधार निर्माण गरिने भएको ।
- २०७२ चैत १ को मन्त्रिपरिषद् बैठकले मयुरधापमा औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय गरेको ।

**२. सर्वोच्च अदालतद्वारा प्रतिनिधिसभा पुनःस्थापना हुने फैसला कहिले भएको हो ?**

✍ विसं २०७७ फागुन ११ ।
- प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा नेतृत्वको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गर्ने २०७७ पुस ५ गतेको सरकारको निर्णय बदर गर्ने फैसला गरेको । विघटनका पूर्वसर्त पालना नभएको तथा नेपालले अवलम्बन गरेको संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई संविधानबमोजिम बाहेक असीमित अधिकार नरहेको भन्दै बदर गरेको ।
- प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा तथा न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासले सो फैसला गरेको । त्यस्तै, इजलासले १३ दिनभित्र अधिवेशन आह्वानको पनि परमादेश गरेको ।
- प्रधानमन्त्री नियुक्ति नै हुन नसक्ने अवस्था रहेमा वा विश्वासको मत प्राप्त गर्ने आधार नभएमा मात्र विघटन गर्न सक्ने परिकल्पना संविधानको धारा ७६ ले गरेको व्याख्या अदालतले गरेको ।

**३. झापामा नेपाल-चीनमैत्री औद्योगिक पार्क शिलान्यास कहिले गरियो ?**

✍ विसं २०७७ फागुन १६ ।

**४. महासिद्ध विश्व शान्ति केन्द्र कहाँ निर्माण गर्न थालिएको छ ?**

✍ लुम्बिनी ।

**५. युवा तथा खेलकुद मन्त्रालयले खेलकुद पत्रकारिता पुरस्कार-२०७७ कसलाई प्रदान गर्‍यो ?**

✍ खेल पत्रकार कमल खत्री (पुरस्कार राशी : ५० हजार) ।

**६. नेपालमा सरसफाइ सप्ताह कहिलेदेखि मनाउन थालिएको हो ?**

✍ विसं २०५६ ।

**७. फेवातालको चार किल्ला निर्धारणपश्चात् यसको क्षेत्रफल कति कायम भएको छ ?**

✍ ५.७२६ वकिमि (११,२५५ रोपनी ११ आना एक पैसा) ।
- गण्डकी प्रदेशले २०७७ फागुन १६ मा पत्रकार सम्मेलनमार्फत समितिको प्रतिवेदन सार्वजनिक गरेको । त्यस्तै, सीमारेखाको, परिधि १८ किमि निर्धारण गरिएको ।
- तालको चार किल्ला कायम हुन नसक्दा बढ्दो अतिक्रमण हटाउन समस्या भएपछि गण्डकी प्रदेश सरकारले गठन गरेको ‘चार किल्ला निर्धारण, सीमाङ्कन तथा नक्साङ्कन समिति’को प्रतिवेदनका आधारमा चार किल्ला कायम गरिएको । समितिको सिफारिसका आधारमा मन्त्रिपरिषद्द्वारा चार किल्ला निर्धारण गरिएको थियो ।
- समितिले तालवरपर रहेका जनप्रतिनिधि, स्थानीय तथा ज्येष्ठ नागरिकसँगको अन्तरक्रिया, फेवातालमा मिसिन आउने खोलाको अवस्थिति र आकार, फेवा बाँधको उचाइ र वर्षाको समयमा पानीले ओगट्ने क्षेत्रफल, फेवातालका हालसम्म भएका अध्ययन प्रतिवेदनको विश्लेषण र दूरसंवेदन तथा भू-भौतिक अध्ययनमार्फत क्षेत्रफल कायम गरेको गण्डकी प्रदेश सरकारले जनाएको । तालको पूर्वमा ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खर्पौंदी-चङ्खपुरबीचको दम्किलो र दक्षिणमा चिसापानी रानीवन क्षेत्र रहेको ।

● **विगतको अध्ययन**
- विभिन्न अध्ययन प्रतिवेदनका आधारमा फेवातालको क्षेत्रफल तोकिँदै आएको थियो ।
- यसअघि पोखरा उपत्यका नगर विकास समितिका पूर्वअध्यक्ष विश्वप्रकाश लामिछानेको संयोजकत्वमा गठित आयोगले गरेको अध्ययनअनुसार फेवातालको क्षेत्रफल ६.५४ वकिमि (१२,८७४ रोपनी) तोकिएको थियो ।
- २०३८ मा यूएनडीपीले गरेको अध्ययनले फेवातालको क्षेत्रफल ५.८ वकिमि (११,४०० रोपनी) तोकेको थियो ।
- तालको क्षेत्रफल २०१८ सालमा १० वर्गकिलोमिटर रहेको जनाइएको ।

**८. नेपालमा सबैभन्दा बढी पाटेबाघ पाइने राष्ट्रिय निकुञ्ज कुन हो ?**

✍ चितवन राष्ट्रिय निकुञ्ज ।

**९. श्रीलङ्काको परिवर्तित व्यवस्थापकीय राजधानी कुन हो ?**

✍ श्री जयवर्धनेपुरा (कोलम्बो कार्यपालिकीय र न्यायिक राजधानी रहेको ।)

**१०. जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?**

✍ माल्दिभ्स ।
- (नेपालले सन् २०१६ अक्टोबर २४ मा यो सम्झौता अनुमोदन गरेको ।)

**११. डट्स प्लस उपचार कुन रोगसँग सम्वन्धित छ ?**

✍ क्षयरोग ।

**१२. चाणक्य नामले पनि चिनिने कौटिल्यको वास्तविक नाम के हो ?**

✍ विष्णु गुप्त ।

**१३. धार्मिक, पर्यटकीय एवम् जैविक विविधताका हिसाबले महत्त्वपूर्ण बर्जुताल कहाँ रहेको छ ?**



✍ सुनसरी ।

**१४. भन्सार विभागद्वारा निकासी पैठारी सङ्केत नम्बर (एक्जिम कोड) अनिवार्य गर्ने व्यवस्था कहिले भएको हो ?**

✍ विसं २०७४ साउन १ ।

**१५. अन्तर्राष्ट्रिय मातृभाषा दिवस कहिले मनाइन्छ ?**

✍ फेब्रुअरी २१ ।
- (सन् २००० देखि २१ फेब्रुअरीलाई विश्वभरि नै मातृभाषा दिवसका रूपमा मनाउन थालिएको ।)

**१६. कुपोषण समस्या समाधान गर्न नेपालमा सञ्चालित दोस्रो बहुक्षेत्रीय पोषण योजनाको अवधि कुन हो ?**

✍ सन् २०१८-२०२२ ।
- (पहिलो बहुक्षेत्रीय पोषण योजना अवधि : २०१३-२०१८) ।

**१७. २०७७ फागुन १४ मा महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार तथा प्रेमसागरी देवी निधि पुरस्कारबाट क-कसलाई सम्मान गरियो ?**

✍ होमनाथ दाहाल (वरिष्ठ पत्रकार), डा. रामदयाल राकेश (साहित्यकार), काशीदेवी झा र गिरिराजकुमारी प्रसाईं ।
- पुरस्कारको राशि : जनही एक लाख रुपियाँ रहेको ।
- होमनाथ दाहाल गोरखापत्र संस्थानको अध्यक्ष तथा महाप्रबन्धक, नेपाल पत्रकार महासङ्घको सभापति, सांसद तथा मन्त्रीसमेत भइसक्नुभएको ।
- यसैगरी, डा. राकेश नेपाली, हिन्दी, अङ्ग्रेजी भाषाका वरिष्ठ साहित्यकार हुनुहुन्छ ।
- काशीदेवी झा पूर्वसांसद एवम् तत्कालीन राजा महेन्द्रमाथि बम प्रहार गरेको अभियोगमा २०२० सालमा फाँसी दिइएका दुर्गानन्द झाकी धर्मपत्नी हुनुहुन्छ ।
- यस्तै, ९० वर्षीया प्रसाईं काँग्रेस नेता स्वर्गीय भरतबाबु (सीके) प्रसाईंकी धर्मपत्नी हुनुहुन्छ । उहाँ विभेदको अन्त्य, छुवाछूत प्रथा एवम् कुरीति हटाउन क्रियाशील रहँदै आउनुभएको ।

**१८. आधा अङ्ग भाले र आधा पोथीको स्वरूप भएको अनौठो प्रकृतिको चरा कहाँ फेलापरेको छ ?**

✍ अमेरिका ।
- सन् २०२१ फेब्रुअरीमा चराविद् जेमी हिलले आधा भाले र आधा पोथी अंश रहेको चरा फेलापारेका ।
- एउटै शरीरमा भाले र पोथीको रङसहित अन्डाशय र डिम्वाशय दुवै अङ्गसमेत भएको चरा विश्वमै दुर्लभ मानिन्छ ।
- हिलका अनुसार दुवै लिङ्गी भएको नर्थन कार्डिनल चराको भाले कार्डिनलको रङ चम्किलो रातो र पोथीको रङ फिक्का खैरो हुने ।

**१९. उद्योगी व्यवसायीको छाता सङ्गठन नेपाल उद्योग परिसङ्घ (सीएनआई)ले प्रत्येक वर्ष एक हजार नयाँ उद्योग स्थापना गरी डेढ लाख रोजगारी सिर्जना गर्ने उद्देश्यसाथ अघि बढाउन थालेको अभियान कुन हो ?**

✍ ‘मेक इन नेपाल-स्वदेशी’ अभियान ।
- (विसं २०७७ फागुन १२ गते उक्त अभियानबारे विस्तृत जानकारीसहितको प्रेस विज्ञप्ति सार्वजनिक गर्दै आगामी पाँच वर्षमा वार्षिक निर्यात करिब पाँच खर्ब पुर्‍याउने लक्ष्य लिइएको । हाल नेपालबाट वार्षिक करिब एक खर्बसम्मको निर्यात हुने गरेको ।)

**२०. फुटबल खेलाडीलाई बल हेडिङ गर्दा कुन रोग लाग्ने खतरा हुन्छ ?**

✍ मस्तिष्कघात ।

**२१. जटिलरोग पहिचान गर्न सक्ने पारमाणविक प्रयोगशाला (मलिकुलर ल्याब) कुन अस्पतालमा सञ्चालनमा ल्याइएको छ ?**

✍ मीनभवनस्थित सिभिल अस्पताल ।

**२२. बुटवलमा लुम्बिनी केबलकारको शिलान्यास कहिले गरिएको हो ?**

✍ विसं २०७७ फागुन १ ।
- (त्यस्तै, बुटवलमै दोस्रो केबलकार ‘सिद्धार्थ केबलकार’को शिलान्यास २०७७ फागुन ९ मा गरिएको)

**२३. कञ्चनपुरस्थित दैजी-छेला औद्योगिक क्षेत्रको शिलान्यास कहिले गरिएको हो ?**

✍ विसं २०७७ फागुन १० ।
- सरकारले प्रस्ताव गरेका १५ नयाँ औद्योगिक क्षेत्रमध्ये आगामी पाँच वर्षमा सम्पन्न गर्नेगरी ६ वटा क्षेत्र निर्माणकार्य अघि बढाएको ।
- सरकारले आर्थिक वर्ष २०७७/०७८ को नीति तथा बजेटमा सबै प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र स्थापना गर्न बजेट विनियोजन गरेको ।
- कञ्चनपुरको दैजी-छेला, बाँकेको नौवस्ता, रूपन्देहीको मोतीपुर, चितवनको शक्तिखोर मकवानपुरको मयुरधाप तथा झापाको दमक औद्योगिक क्षेत्र निर्माणका लागि सरकारले २०७७ चैतमा निर्णय गरेको थियो ।

**२४. अन्तर्राष्ट्रिय एकल महिला दिवस कहिले मनाइन्छ ?**

✍ जुन २३ ।

**२५. सातवटै महादेशका सर्वोच्च शिखरको आरोहण गर्ने पहिलो नेपाली महिला आरोही को हुन् ?**

✍ सुस्मिता मास्के ।

**२६. ब्रिक्स बैङ्कको प्रधान कार्यालय कहाँ रहेको छ ?**

✍ साङ्घाई (चीन) ।

**२७. केन्द्रीय पञ्जीकरण (व्यक्तिगत घटना दर्तासम्बन्धी कार्य गर्ने निकाय) विभाग कुन मन्त्रालयअन्तर्गत पर्छ ?**

✍ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

**२८. वाकर कप/राइडर कप कुन खेलसँग सम्बन्धित छन् ?**

✍ गल्फ ।

**२९. सर्वप्रथम महिला विश्वकप फुटबल आयोजना कहिले गरिएको हो ?**

✍ सन् १९९१ ।

**३०. मादक पदार्थ सेवन गरे/नगरेको जाँच गर्ने यन्त्र ब्रेथलाइजरले कति अङ्कभन्दा बढी देखाएमा ‘मापसे’ गरेको मानिन्छ ?**

✍ ०.१३ ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# अर्थ मन्त्रालयअन्तर्गतका विभागले गर्ने काम

**१. अर्थ मन्त्रालयअन्तर्गतका विभागले गर्ने कार्यबारे छोटकरीमा लेख्नुहोस् ।**

✍ मुलुकको बजेट तयार गर्ने, राजस्व नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने गराउने, आर्थिक नियन्त्रण गर्ने अर्थ मन्त्रालय मुलुकको राजस्व तथा बजेट प्रशासनको केन्द्रीय निकाय हो । सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धिदर हासिल गरी समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने दृष्टिकोण लिएको यस मन्त्रालयअन्तर्गत हाल केन्द्रीय कार्यालयका रूपमा महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय पर्छन् । आन्तरिक राजस्व विभाग, भन्सार विभाग र सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र विभागका रूपमा रहेका छन् । यी निकायले गर्ने कार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

● **क. महालेखा नियन्त्रक कार्यालयले गर्ने कार्य :**
- सङ्घ, प्रदेश र स्थानीय तहको आय-व्ययको केन्द्रीय लेखा तयार गरी प्रतिवेदन गर्ने,
- भुक्तानी बाँकी रकमको विवरण सङ्कलन गरी केन्द्रीय विवरण तयार गर्ने,
- लेखा प्रणालीको तर्जुमा, कार्यान्वयन र सुपरीवेक्षण गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्ने,
- बेरुजुको लगत राख्ने, संपरीक्षण, फछ्र्योट र प्रतिवेदन गर्ने,
- लेखा समूहको सञ्चालन गर्ने,

● **ख. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गर्ने कार्य :**
- प्रत्येक वर्ष उठाउन सकिने सार्वजनिक ऋणको आवश्यकता प्रक्षेपण गरी अर्थ मन्त्रालयमा सुझाव पेस गर्ने,
- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति प्रस्ताव तयार गरी अर्थ मन्त्रालयमा पेस गर्ने,
- प्रदेश तथा स्थानीय तहको सार्वजनिक ऋणको सीमा तथा परिचालनका क्षेत्रसम्बन्धी सुझाव दिने,
- वैदेशिक ऋण सम्झौताअनुसार वैदेशिक ऋणको साँवा, ब्याज तथा अन्य शुल्क भुक्तानी गर्ने, हिसाब मिलान गर्ने,
- नेपाल सरकारको तर्फबाट सेयर तथा ऋण लगानीसम्बन्धी काम गर्ने,
- आन्तरिक तथा वैदेशिक ऋण भुक्तानीलगायतका लागि त्रिवर्षीय बजेट प्रक्षेपण गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पेस गर्ने,

● **ग. आन्तरिक राजस्व विभागले गर्ने कार्य :**
- मूल्य अभिवृद्धि कर, आयकर एवम् अन्तःशुल्क राजस्व सङ्कलन गर्ने, राजस्व असुलीको अनुगमन गर्ने,
- कर निर्धारण विवरणको पुनरावलोकन गर्ने,
- कर कार्यालयको सुपरीवेक्षण गर्ने,
- कर नीति तर्जुमामा सहयोग गर्ने, घोषित कर नीति कार्यान्वयन गर्ने,
- करसम्बन्धी ऐन नियम तर्जुमा एवम् परिमार्जन गर्न सहयोग गर्ने,
- करदातालाई सेवा प्रदान गर्ने,
- कर प्रशासनलाई व्यवस्थित र पारदर्शी बनाई करदातामैत्री कर प्रशासनको व्यवस्था सुनिश्चित गर्ने,

● **घ. भन्सार विभागले गर्ने कार्य :**
- भन्सार राजस्व सङ्कलन गर्ने,
- भन्सार प्रशासनलाई व्यवस्थित र पारदर्शी बनाई व्यापार सहजीकरण गर्ने,
- अनधिकृत व्यापार नियन्त्रण गर्ने,
- सामाजिक सुरक्षा कायम गर्न सहयोग गर्ने,
- भन्सार महसुल नीति तर्जुमा गर्न अर्थ मन्त्रालयलाई सहयोग गर्ने,

● **ङ. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रले गर्ने कार्य :**
- राजस्व र आर्थिक प्रशासनसम्बन्धी विषयमा तालिम प्रदान गर्ने,
- आर्थिक विषय र लेखाका नीति, प्रक्रिया र कार्यविधिमा अनुसन्धान गर्ने,
- तालिमको भावी रणनीति तय तथा प्रभावकारिता अध्ययन गर्ने,

**२. नेपालको तराई प्रदेशको परिचय दिँदै यसले देशको आर्थिक विकासमा पुर्‍याएको योगदानबारे छोटो चर्चा गर्नुहोस् ।**

✍ नेपालको पहाडी भागदेखि दक्षिणतर्फ भारतको सीमासम्म पूर्व-पश्चिम फैलिएको समतल भू-भागलाई तराई प्रदेश भनिन्छ । यसलाई मधेस पनि भनिन्छ । यसको चौडाइ २५ किलोमिटरदेखि ३० किलोमिटरसम्म छ । समुद्र सतहबाट ६० देखि ६०० मिटरको उचाइमा पर्छ । तराईको सिरान भावर र चुरे हो । उत्तरबाट दक्षिणतिर होचो हुँदै जानु तराईको विशेषता हो । यो क्षेत्र उष्ण क्षेत्र हो । यहाँको जमिन प्रायः समतल छ । तराई प्रदेशलाई खास तराई, भावर क्षेत्र र भित्रीमधेस गरी तीन श्रेणीमा विभाजन गर्न सकिन्छ ।
- आर्थिक विकासमा तराई प्रदेशले पुर्‍याएको योगदान
- पर्यटकीय दृष्टिले धेरै उपयुक्त स्थान, पर्यटन प्रवर्द्धनमा सहयोग, जस्तै : चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज आदि,
- समथर खेतीयोग्य जमिन, नेपालको अन्न भण्डार,
- धार्मिक दृष्टिले विश्वमै चर्चित स्थान, जस्तै : लुम्बिनी, रामजानकी मन्दिर आदि,
- यातायातको सुविधा, विकासका पूर्वाधारमा वृद्धि, रोजगारी सृजनाको आधारभूमि,
- ठुल्ठूला औद्योगिक एवम् व्यापारिक केन्द्र भएका सहर । जस्तै : वीरगन्ज, विराटनगर, भैरहवा, नेपालगन्ज आदि,
- राजस्व संकलनमा योगदान,

**३. नक्सा भन्नाले के बुझिन्छ ? यसको महत्त्वबारे लेख्नुहोस् ।**

✍ पृथ्वीको सतह वा यसको कुनै निश्चित अंशलाई प्रतिनिधित्व गर्नका लागि कुनै कागज वा अन्य यस्तै वस्तुमा कोरिएको चित्रलाई नक्सा भनिन्छ । एउटा स्तरीय र आधिकारिक नक्सा निर्माण गर्नु एक जटिल र संवेदनशील कार्य हो । विगतमा मानिसले पृथ्वीको सतहबाटै देखे-जानेका जानकारीका आधारमा आफ्नो सीमित ठाउँको नक्सा तयार पार्ने गर्थे । तर, आधुनिक समयमा उपग्रहबाट लिइएको तस्बिरलाई कम्प्युटरका माध्यमबाट नक्सामा परिणत गर्न सकिने प्रविधि भएकाले बढी सजिलै विश्वसनीय र स्तरीय नक्सा तयार पार्न सकिन्छ । सामान्यतया नक्सा तयार पार्दा उत्तर दिशालाई माथि पारिन्छ । नक्सामा देखाउनुपर्ने कुरालाई ठाउँको सीमितताका कारण चिह्न प्रयोग गरी देखाइन्छ । ती सङ्केतको अर्थ नक्साको तल-माथि कतै सूचीमा उल्लेख गरिएको हुन्छ । एउटा स्तरीय नक्सामा सधैँ स्केलको प्रयोग गरिएको हुन्छ । स्केलले नक्साको आकार र वास्तविक जमिनको आकारबीचको अनुपातलाई देखाएको हुन्छ ।

● **नक्साको महत्त्व**
- नक्साबाट धेरै कुराको जानकारी लिन सकिन्छ । नक्साका उद्देश्य पनि फरक-फरक हुन्छन् । कुनै खास उद्देश्यका लागि तयार पारिएको नक्सा जानकारीमूलक नक्सा हो । नक्सामा के-के कुरा देखाउने भन्ने कुरा यसको उद्देश्यमा निर्भर रहन्छ । आधुनिक युगमा नक्साको ठूलो महत्त्व रहेको हुन्छ । सरकारले देशमा उपलब्ध स्रोत-साधन, जनसङ्ख्या वितरण, विकास निर्माण तथा सेवा-सुविधाको विस्तार र सञ्चालनका लागि नक्साको सहयोग लिनु जरुरी हुन्छ । पर्यटकले आफू भ्रमण गर्ने ठाउँको भौगोलिक अवस्था, बाटोघाटो, सेवा-सुविधा आदिका सम्बन्धमा जानकारी लिन नक्साको प्रयोग गर्छन् । यसैगरी, अध्ययन अध्यापनका लागि नक्सालाई निकै आवश्यक र प्रभावकारी दृश्यसामग्रीका रूपमा प्रयोग गर्ने चलन बढेको छ । नक्साका माध्यमबाट जिज्ञासुले विश्वबारे नघुमीकनै महत्त्वपूर्ण जानकारी हासिल गर्न सक्छन् । यसर्थ, नक्सालाई एक महत्त्वपूर्ण सामग्रीका रूपमा लिन सकिन्छ ।

**४. विकासका पूर्वाधार भनेको के हो ? नेपालमा विकासका पूर्वाधारको विकास हुन नसक्नुका कुनै तीन कारणवारे सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।**

✍ जनताका लागि सुचारु रूपमा सेवा-सुविधा उपलब्ध गराउन र राष्ट्रको आर्थिक तथा सामाजिक विकास सञ्चालन गर्न आवश्यक हुने सबै किसिमका भौतिक, मानवीय, प्राकृतिक, आर्थिक तत्त्वलाई विकासका पूर्वाधार भनिन्छ । पूर्वाधारको अभावमा कुनै पनि ठाउँको आर्थिक तथा सामाजिक विकास अगाडि बढ्न सक्दैन । यसरी हेर्दा विकासका लागि उपलब्ध गराइने आधारभूत सेवा-सुविधालाई विकासको पूर्वाधार भनिन्छ ।

● **नेपालमा विकासका पूर्वाधार विकास हुन नसक्नुका कारण**
- नेपालमा विकासका पूर्वाधार विकास हुन नसक्नुका पछाडि धेरै कारण छन् ।




तीमध्ये तीन कारण निम्नानुसार छन् :

● **(क) असुविधाजनक भूधरातलीय अवस्था :**
- नेपालको भूधरातल प्रायः उखडबाखडयुक्त छ । उकालो-ओरालो, भीरपाखा, उपत्यका, गल्छीजस्ता ठाउँमा विकास निर्माणका काम गर्न गाह्रो, ढिलो र खर्चिलो हुन्छ ।

● **(ख) पुँजी अभाव :**
- नेपाल एक गरिब मुलुक भएकाले यसले पूर्वाधार विकासमा आवश्यक पुँजी सङ्कलन गर्न सकेको छैन ।

● **(ग) दक्ष जनशक्तिको अभाव :**
- बहुसङ्ख्यक नेपाली जनता अशिक्षित र अदक्ष छन् । आवश्यक दक्ष जनशक्ति अभावमा विकास निर्माणकार्य प्रभावकारी हुन सक्दैन ।

**५. मानव संसाधन विकासका विशेषता के-के हुन् ? लेख्नुहोस् ।**

✍ सङ्गठनमा कार्यरत जनशक्तिको ज्ञान बढाउने, सीप सिकाउने तथा धारणामा सकारात्मक परिवर्तन ल्याउने कार्य मानव संसाधन विकास हो । यो कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्य हो । यसमा कार्यगत तहका कर्मचारीलाई सोहीसम्बन्धी तालिम तथा व्यवस्थापकीय तहका व्यवस्थापकलाई व्यवस्थापन विकास तालिम दिन सकिन्छ । मानव संसाधन व्यवस्थापनका कार्य जस्तै : मानव संसाधनको प्राप्ति, विकास, उपयोग र सम्भारमध्ये मानव संसाधन विकास एक महत्त्वपूर्ण कार्य हो । मानव संसाधन विकासको यस अर्थबाट पनि यसका केही विशेषता बुझ्न सकिन्छ । अरू विशेषता निम्न छन् :
- मानव संसाधन विकास सङ्गठनको लक्ष्य हासिल गर्न गरिने कार्य हो ।
- यो एक निरन्तर प्रक्रिया हो । प्रतिस्पर्धात्मक वातावरणमा कर्मचारीलाई सक्षम बनाइरहनुपर्ने भएकाले सङ्गठनको अस्तित्व रहेसम्म मानव संसाधन विकास निरन्तर चलिरहन्छ ।
- यो मानव केन्द्रित कार्य हो । तालिम र व्यवस्थापन विकासजस्ता सबै कार्य मानवलाई केन्द्रमा राखेर बनाइन्छन् ।
- यो व्यवस्थापन र कर्मचारीबीच असल सम्बन्ध कायम गराउने कार्य हो ।
- मानव संसाधन विकास एक प्रणालीगत कार्य हो, जसअन्तर्गत आगत, प्रक्रिया र निर्गत पर्छन् । यो व्यवस्थापनले गर्ने कार्य हो । सङ्गठन र कर्मचारी दुवैका लागि यो आवश्यक हुन्छ ।
- यसले कर्मचारीमा ज्ञान बढाउँछ, सीप सिकाउँछ र धारणामा परिवर्तन ल्याउँछ, यसबाट कर्मचारीको उत्प्रेरणा वृद्धि हुन पुग्छ ।
- यो कर्मचारीको वृत्तिविकासको आधार पनि हो । यसमा तालिम, अभिमुखीकरण, सामाजिकीकरण, स्वदेश, विदेश अध्ययन तथा भ्रमण, सरुवा, बढुवाजस्ता कार्य गरिन्छन् ।

**६. नेपालको संविधानमा मौलिक हकका रूपमा दलितको हकसम्बन्धी के-कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको संविधानको धारा ४० मा मौलिक हकका रूपमा दलितको हकसम्बन्धी देहायबमोजिमको व्यवस्था छ :
- राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने,
- सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने,
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने,
- प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने,
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिने,
- दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधि प्रयोग, संरक्षण र विकास गर्ने हक हुने,
- राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने,
- राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने,
- राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोवास व्यवस्था गर्ने,
- दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्नेगरी न्यायोचित वितरण गर्नुपर्ने,

**७. विकासका पूर्वाधारमध्ये शिक्षालाई किन चौतर्फी विकासको मेरुदण्ड मानिन्छ ?**

✍ शिक्षाले मानिसमा रहेको अज्ञानता हटाई उसलाई सजग, सचेत, उत्पादनमुखी एवम् सिर्जनशील बनाउँछ । जीवनको प्रत्येक पाइलामा शिक्षा अति महत्त्वपूर्ण हुन्छ । यसले विकास र सभ्यतालाई पनि प्रतिविम्बित गर्छ । भनिन्छ- शिक्षाले विकासको मूल फुटाउँछ । विकासका लागि जुनसुकै देशलाई पनि विभिन्न दक्ष जनशक्ति जस्तै : डाक्टर, इन्जिनियर, शिक्षक, प्रशासक आदिको आवश्यकता पर्छ । यिनीहरू सबै शिक्षाकै सिर्जना हुन् । देशका अरू क्षेत्रहरू जस्तै : स्वास्थ्य, यातायात, सञ्चार, उद्योग, व्यापार आदिको विकासका लागि पनि शिक्षाको अपरिहार्य आवश्यकता पर्छ । यसकारण शिक्षाको विकासविना अन्य क्षेत्रको विकास सम्भव छैन । जुन देशको शैक्षिक स्थिति सुदृढ छ, त्यस देशका अरू क्षेत्रहरू पनि विकसित हुन्छन् भन्ने कुरा एउटा स्वाभाविक सत्य हो । यिनै कारणले गर्दा नै शिक्षालाई विकासको सबैभन्दा महत्त्वपूर्ण पूर्वाधार मानिन्छ । यसर्थ, राष्ट्रिय विकासका लागि जुनसुकै मुलुकले पनि शिक्षा क्षेत्रलाई सबैभन्दा ठूलो प्राथमिकता दिनु आवश्यक हुन्छ ।

**८. नसर्ने रोगका कारक तत्त्व के-के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ नसर्ने रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दैन । जस्तै : क्यान्सर, मुटुको रोग, दम, मधुमेह आदि नसर्ने रोग हुन् । नसर्ने रोग जोसुकैलाई पनि हुन सक्छ । नसर्ने प्रकृतिका रोग गराउने कारक तत्त्वह निम्नलिखित छन् :

● **(क) परिवर्तन गर्न, रोकथाम गर्न तथा नियन्त्रण गर्न सकिने कारक तत्त्व :**
- सुर्ती र सुर्तीजन्य पदार्थको सेवन
- मदिराको अत्यधिक सेवन
- अस्वस्थकर खानेकुरा
- शारीरिक निष्क्रियता
- मोटोपन
- उच्च रक्तचाप
- रगतमा चिनी र बोसोको मात्रा बढी हुनु ।

● **(ख) परिवर्तन गर्न, रोकथाम गर्त तथा नियन्त्रण गर्न नसकिने कारक तत्त्व :**
- उमेर
- लिङ्ग
- वंशानुगत गुण,

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL